WE ARE YOUR DOL

NEW YORK STATE | Department of Labor

श्रम मापदण्ड विभाग

# श्रम मापदण्ड कार्यन्वयन प्रक्रियाको सूचना

## उजुरीको प्राप्ति तथा समीक्षा:

जब कुनै व्यक्तिले रोजगारसँग सम्बन्धित उजुरीको बारेमा **श्रम मापदण्डको विभाग**सँग व्यक्तिगत रूपमा, फोनबाट वा पत्रमार्फत संचार गर्दछ, हाम्रो पहिलो कदम भनेको हामीसँग कानूनी रूपमा हस्तक्षेप गर्ने अधिकार छ कि छैन भन्ने निर्धारण गर्नु हो, सम्बद्ध विषय हाम्रो "क्षेत्राधिकार" भित्र पर्छ कि पर्दैन भन्ने हेर्नु हो। यदि यो स्पष्ट रूपमा हाम्रो क्षेत्राधिकार भित्र पर्दैन भने, हामी तपाईंलाई सहायता गर्न सक्ने उत्तम निकाय वा संस्थामा मार्गनिर्देशन गर्ने हर प्रयास गर्नेछौं।

यदि तपाईंको उजुरी श्रम मापदण्डको क्षेत्राधिकार भित्र पर्न सक्छ भने, तपाईंलाई एउटा दाबी **फारम (Claim Form)** भर्न अनुरोध गरिनेछ। "उजुरी" दाबी फारम पूरा भएपछि "दाबी" बन्छ। हाम्रो दाबीको समीक्षा वा अनुसन्धानको क्रममा तपाईंलाई कुनै पनि समय थप जानकारी उपलब्ध गराउन अनुरोध गर्न सकिन्छ। तपाईंले पेश गर्नुभएको दाबी फारमको समीक्षा हामीले गरेपछि, तपाईंलाई दाबीको स्थितिसँगै तोकिएको दाबी नम्बर **(LCM#)**, र तपाईंको दाबी थप अनुसन्धानका लागि स्वीकृत भएको हो कि होइन भन्ने जानकारी पत्रमार्फत दिइनेछ। अनुरोध गरिए अनुसार थप जानकारी उपलब्ध नगराएमा दाबीको मूल्यांकन ढिला हुनेछ र/वा NYSDOL ले दाबीको अनुसन्धान गर्न अस्वीकार गर्न सक्छ।

दाबी पेश गरेर, NYSDOL ले श्रम आयुक्तको अधिकारको विवेकाधिकारमा तपाईंको दाबी अनुसन्धानका लागि स्वीकार गर्न मूल्यांकन गर्नेछ, स्वीकृत गरिएका कुनै पनि दाबीको अनुसन्धानको दायरा निर्धारण गर्नेछ, र दाबीहरू सकेसम्म छिटो समाधान गर्नेछ भनी तपाईं स्वीकार गर्नुहुन्छ र बुझ्नुहुन्छ। उजुरीहरूको निरुपण र उल्लङ्घनहरूको समाधान श्रम आयुक्तद्वारा निर्धारण गरिनेछ।

## दाबीको अनुसन्धान:

यदि तपाईंको दाबी अनुसन्धानको लागि स्वीकार गरिन्छ भने, तपाईंले पत्रमार्फत एउटा केस नम्बर **(LS#)** प्राप्त गर्नु हुनेछ। कर्मचारीहरू उपलब्ध हुँदा अनुसन्धान कार्य सुरु गर्नको लागि केसहरू निर्धारण गरिनेछन्। तपाईंको केस कुनै अनुसन्धानकर्तालाई निर्धारण गरिसकेपछि, तपाईंलाई कार्यभार सुम्पिएको सूचना दिने पत्र प्राप्त हुनेछ। प्रत्येक दाबीका तथ्य र परिस्थितिहरू फरक हुने भएकाले, डिभिजनले **अनुसन्धानको क्रममा विभिन्न कार्यान्वयन गर्ने टेक्निकहरूको** प्रयोग गर्न सक्नेछ। मुख्यतया रोजगारदाताको सहयोगको स्तर, कुनै पनि पक्षबाट आवश्यक जानकारीको उपलब्धता, वा रेकर्ड, गवाहहरू, आदि जस्ता प्रभावशाली प्रमाणहरूको उपलब्धताका आधारमा अनुसन्धानको लागि आवश्यक समय पनि फरक पर्दछ। **डिभिजन**ले रोजगारदातालाई टेलिफोनबाट, पत्रमार्फत वा व्यक्तिगत रूपमा सम्पर्क गरेर अनुसन्धान सुरु हुन्छ। रोजगारदाताले दाबीका तथ्य प्रस्तुत गर्ने र जानकारी वा क्षतिपूर्ति माग्ने हाम्रो पत्रको उत्तर दिन नसकेमा, रोजगारदातालाई दोस्रो पत्र पठाउन सकिन्छ। अनुसन्धान समाप्त नभएसम्म, हामी तपाईंलाई अनुसन्धानको स्थिति बारे अवगत गराउन नियमित रूपमा पत्र लेख्नेछौं।

## स्थलगत अनुसन्धान:

केही अवस्थाहरूमा, श्रम कानूनको उल्लङ्घनलाई समाधान गर्नको लागि स्थलगत भ्रमण/अनुसन्धान आवश्यक हुन सक्छ। यो तब हुन्छ जब रोजगारदाताले उल्लङ्घन समाधान गर्ने हाम्रो प्रयासमा प्रतिक्रिया जनाउदैन वा उल्लङ्घनले सम्पूर्ण कार्यस्थललाई प्रभावित गर्छ वा कार्यस्थलमै अनुसन्धान गर्नु सबैभन्दा उपयुक्त हुन्छ।

## अनुसन्धान सम्मेलनहरू:

कहिलेकाहीं, दावीमा संलग्न मुद्दाहरू छलफल गर्न रोजगारदातालाई बैठकमा उपस्थित हुन अनुरोध गर्न सकिन्छ। जहाँ विवाद हुन्छ वा अनुपालनको अभाव हुन्छ, त्यहाँ बाँकी रहेका मुद्दाहरू समाधान गर्न तपाईं र रोजगारदातालाई आमन्त्रित गरेर एक **अनुपालन सम्मेलन** आयोजना गर्न सकिन्छ।

**<u>अनुसन्धानको निष्कर्षनतिजाहरूको प्रस्तुति:</u>**

जब अनुसन्धान पूरा हुन्छ, र हामीले उल्लङ्घन भएको ठहर गर्छौं, **डिभिजन**ले उल्लङ्घनलाई समाधान गर्नेछ र तलब बक्यौताको भुक्तानीको व्यवस्था पनि गर्नेछ। यद्यपि, रोजगारदाताले पालना वा क्षतिपूर्ति प्रदान नगरेमा, **श्रम आयुक्त**द्वारा **अनुपालनको आदेश** जारी गर्न सकिन्छ। उल्लङ्घन खोज्नु वा अनुपालनको आदेश जारी गर्नुले सबै अवस्थामा सङ्कलनको ग्यारेन्टी गर्दैन। यदि रोजगारदाता डिभिजनको निष्कर्षसँग असहमत हुन्छ भने उसले औपचारिक सुनुवाइको लागि **औद्योगिक अपील बोर्ड (Industrial Board of Appeals)** मा आवेदन गर्न सक्छ। यस अपील कार्यवाहीको क्रममा, न्यूयोर्क राज्य श्रम विभागले कर्मचारी(हरू) को प्रतिनिधित्व गर्दछ। अनुपालनको आदेश प्रक्रियालाई समाधान गर्न धेरै वर्ष लाग्न सक्छ किनभने रोजगारदातालाई हाम्रा निष्कर्षहरूमा विवाद गर्ने, दावीहरूलाई खारेज गर्न प्रमाणहरू प्रस्तुत गर्ने, र साक्षीहरू बोलाउने अधिकार हुन्छ।

**<u>दिवानी वा फौजदारी कार्यवाही:</u>**

यदि **अनुपालनको आदेश**को अपील समयमै दायर गरिएको छैन र रोजगारदाताले अझै पनि भुक्तानी पेश गरेको छैन भने, यो मुद्दा काउन्टी क्लर्कलाई पठाउन सकिन्छ, जस अन्तर्गत "**मनी जजमेन्ट**" दायर गर्न सकिन्छ। **यी निर्णयहरू 10 वर्षसम्म रहन्छन्, र डिभिजनले सबपोना वा अन्य माध्यमहरूबाट गरिएका निर्णयहरूको आधारमा सङ्कलन गर्ने प्रयास गर्नेछ। निर्णयको लागि सबै आदेशहरू सन्दर्भ गरिने छैन। विभागले निश्चित परिस्थितिमा सङ्कलन कारबाही गर्न सक्दैन। यी सर्तहरू तपाईंको केसमा लागू भएमा तपाईंलाई यस बारे स्पष्ट गरिनेछ। रोजगारदाता माथि निर्णयले विभागले संकलन गर्न सक्नेछ भन्ने ग्यारेन्टी गर्दैन।**

**<u>निर्णयको कार्यभार:</u>**

**यदि व्यक्तिलाई पैसाको निर्णयमा तलब बक्यौता छ भने, उसले कार्यान्वयन र सङ्कलन कार्यहरू आफैं गर्नको लागि श्रम आयुक्तलाई आफूलाई निर्णय सुम्पन अनुरोध गर्न सक्छ।**

थप रूपमा, यदि प्रमाणहरू पर्याप्त छन् र केस स्वीकार गर्नका लागि केही अन्य कानूनी मापदण्ड (जस्तै कि रोजगारदाताको स्थान थाहा हुनु) पूरा गरिएको छ भने **आपराधिक अभियोग**को सन्दर्भ महान्यायाधिवक्ता (अटर्नी जनरल) लाई पठाउने विकल्प पनि हुन सक्छ। प्रभावित पक्षहरूलाई हुन सक्ने कुनै पनि मौद्रिक रकमको लागि नभएर न्यूयोर्क राज्यको श्रम कानूनको उल्लङ्घनका लागि फौजदारी अभियोग चलाइएको छ।

**<u>दावी गर्ने वैकल्पिक तरिकाहरू:</u>**

तपाईंले **साना दावी अदालत (Small Claims Court)** मा भुक्तान नगरिएको ज्याला, ज्याला पूरक, ओभरटाइम भुक्तानी, क्षतिपूर्ति, आदिको लागि दावी गर्न सक्नुहुन्छ। साना दावी अदालत एक अनौपचारिक अदालत हो जहाँ व्यक्तिहरूले वकील बिना पैसाको लागि मात्र मुद्दा दायर गर्न सक्छन्। तपाईंले नगर वा गाउँको अदालतहरूमा $3,000 सम्म र सहरको अदालतहरूमा $5,000 सम्मको लागि मुद्दा दायर गर्न सक्नुहुन्छ। यदि तपाईंको दावी $ 3,000, वा $ 5,000 भन्दा बढी छ भने, तपाईं अधिकतम सीमा पार हुन नदिन यसलाई दुई वा सो भन्दा बढी दावीहरूमा विभाजन गर्न सक्नुहुन्न। यदि तपाईंको दावी अधिकतम सीमाभन्दा अधिक छ भने, तपाईं दिवानी अदालत (सिभिल कोर्ट) मा मुद्दा दायर गर्न सक्नुहुन्छ।

न्यूयोर्क राज्यको हरेक शहर, नगर, र गाउँमा सानो दाबी अदालत (Small Claims Court) हुन्छ।

दाबी दायर गर्नका लागि, तपाईंले फारमहरू भर्नु पर्छ र सही व्यवसायिक नाम, कानूनी नाम, र व्यवसायको ठेगाना प्रदान गर्नुपर्छ। व्यवसायिक कानूनी नाम पाउनको लागि, काउन्टी क्लर्कको कार्यालयले तपाईंलाई मद्दत गर्न सक्छ। दाबी गरिएको रकम वा तपाईंको बसोबासको स्थानको आधारमा, तपाईंले अधिकतम $20.00 दर्ता शुल्क तिर्नु पर्नेछ।

यदि तपाईंलाई दोभाषे चाहिन्छ भने अदालत (Court) ले एकजना निःशुल्क उपलब्ध गराउन सक्छ।

न्यूयोर्क स्टेट युनिफाइड कोर्ट सिस्टमलाई 1-800-CourtNY (800) 268-7869 मा वा question@nycourts.gov, प्रश्नहरू पठाउनुहोस्, वा www.nycourts.gov हेर्नुहोस्।